नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर खतिवडा यू.एन.डि.पि.को अन्तर्राष्ट्रिय सम्मेलनमा

संयुक्त राष्ट्र संघको सहश्राब्दी विकास लक्ष्यको उपलब्धि र आगामी दिनमा अघि सार्नु पर्ने विकासको मुद्दा सम्बन्धमा यू.एन.डि.पि.ले कोलम्बियाको बोओटामा आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा अतिथि वक्ताको रुपमा भाग लिन गत फागुन १३ गते त्यसतर्फ प्रस्थान गर्नु भई गभर्नर डा. युवराज खतिवडा फागुन १९ गते स्वदेश फर्कनु भयो । सो सम्मेलनलाई सम्बोधन गर्दै गभर्नर खतिवडाले मूलतः निम्न धारणाहरू राख्नु भएको थियो :

१. समावेशी र समन्यायिक आर्थिक वृद्धि विना सहश्राब्दी विकास लक्ष्य हासिल हुन सक्दैन ।

२. समावेशी विकास वा आर्थिक वृद्धि भन्नासाथ उत्पादन र त्यसको प्रतिफलमा बृहत्तर सहभागिताको प्रश्न आउँछ । त्यसैले कामको अवसर सिर्जना नगर्ने आर्थिक वृद्धि समावेशी हुन सक्दैन ।

३. समावेशी आर्थिक विकासका लागि राज्य र निजी क्षेत्र अर्थात दुई पक्ष मात्र पर्याप्त छैनन् । राज्य र बजार (निजी क्षेत्र) धेरै चोटि असफल भएको सन्दर्भमा दिगो विकासको कुरा गर्ने हो भने तेस्रो पक्ष, जसलाई सामुदायिक क्षेत्रको रूपमा परिभाषित गर्न सकिन्छ, त्यसको उपस्थिति आवश्यक छ । सामुदायिक संस्थाहरू मध्ये पनि सहकारी संस्थाहरु दिगो र समन्यायिक आर्थिक विकासका मेरुदण्ड बन्न सक्दछन् ।

४. समावेशिताले समन्यायिकता सुनिश्चत गर्दैन । समन्यायिकतातर्फ उन्मुख नहुञ्जेल असमानता घट्ने कुरा आउँदैन । त्यसैले आगामी दिनको विकास नीति निर्माण गर्दा समावेशिता जस्तो सांकेतिक कुरा भन्दा समन्यायिकता सुनिश्चित हुने कुरामा लाग्नु आवश्यक छ ।

५. विश्वका विभिन्न मुलुकहरूबीच र हरेक मुलुकभित्र पनि विभिन्न वर्ग, लिङ्ग, समुदाय तथा क्षेत्रहरु बीच असमानता रहुञ्जेल विकासका उपलब्धिलाई टिकाइ राख्न तथा द्वन्द्वरहित आर्थिक समृद्धि हासिल गर्न संभव छैन ।

त्यसैले सन् २०१५ पछिको विकासको अन्तर्राष्ट्रिय एजेण्डालाई राष्ट्रिय मुद्दाको रुपमा रुपान्तरित गरी कार्यान्वयनमा ल्याउन सकिने गरी अघि सार्ने हो भने हाम्रो जस्तो अति कम विकासित र आर्थिक असमानताले ग्रस्त मुलुकका लागि उपर्युक्त विषयहरु अनिवार्य रुपमा सम्बोधन भएकै हुनु पर्नेछ । राष्ट्रिय आवश्यकता र प्राथमिकताभन्दा भिन्न अन्तर्राष्ट्रिय विकासका मुद्दालाई कम विकसित मुलुकहरुले स्वीकार गर्ने र कार्यान्वयनमा ल्याउने संभावना कम हुन्छ । त्यसै पनि साधन स्रोतले विपन्न हाम्रो जस्तो मुलुकमा विकासका एजेण्डा कार्यान्वयनमा ल्याउन थप वित्तीय र प्राविधिक सहयोग पनि चाहिन्छ, जुन अन्तर्राष्ट्रिय समूदायले समन्वयात्मक र प्रभावकारी ढङ्गले प्रवाह गर्नुपर्ने दायित्व पनि हुन आउँछ ।

२०६९ फागुन २० गते आइतवार

गभर्नरको कार्यालय